## अध्याय चार

# सम्पादन र प्रकाशनको प्रक्रिया
# मार्टिन चौतारीको अनुभव

मार्टिन चौतारीले आफ्नो स्थापनाकालदेखि सञ्चालन गर्दै आएका क्रियाकलापहरू प्राज्ञिक अनुसन्धानलाई अगाडि बढाउने र यसलाई सहयोग पुऱ्याउने उद्देश्यद्वारा प्रेरित छन् । आफ्नै पहलमा प्राज्ञिक अनुसन्धान कार्य सञ्चालन गर्ने तथा त्यस्तो अनुसन्धानका लागि सहज वातावरण निर्माण गर्ने कुरामा नै यसले आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ । चौतारीले मिडिया, वातावरणीय न्याय, गरिबी, स्वास्थ्य, सामाजिक समावेशीकरण लगायत विभिन्न विषयमा अध्ययन/अनुसन्धान गर्दै आएको छ । यसका अलावा यसले सञ्चालन गर्दै आएका वा गरेका छलफल, पुस्तक समीक्षाको संयोजन, सन्दर्भ ग्रन्थ वा स्रोत पुस्तकको उत्पादन, रेडियोमा बहसमूलक कार्यक्रमको सञ्चालन, लेखन तथा अनुसन्धान वृत्ति प्रदान र मिडिया स्रोत सामग्री केन्द्रको स्थापना जस्ता कार्यहरू पनि प्राज्ञिक अनुसन्धानको वातावरण निर्माणतर्फ लक्षित छन् ।[१]

---

१ मिडियासम्बन्धी प्राज्ञिक अनुसन्धानको वातावरण निर्माणमा पुस्तकालय वा यस्ता स्रोत सामग्री केन्द्रले खेलेका भूमिका, नेपालमा तिनको अवस्था र त्यसै पृष्ठभूमिमा मार्टिन चौतारीमा स्थापित मिडिया स्रोत सामग्री केन्द्रबारे विस्तारका लागि अध्याय ५ हेर्नुहोस् ।

यी सबैमध्ये चौतारीले अहिलेको स्थितिमा प्रमुख रूपमा जोड दिएको क्षेत्र चाहिँ विभिन्न विषयको अनुसन्धान तथा स्रोत पुस्तक वा सामग्रीको उत्पादन हो । सामग्री, सम्पादन तथा छपाइको हिसाबले गुणस्तरीय पुस्तकको उत्पादन गर्ने उद्देश्य लिएर चौतारीले २०५७ सालदेखि काम गर्दै आएको छ । पछिल्लो समयमा आएर प्राज्ञिक स्तरको जर्नल प्रकाशनलाई पनि चौतारीले आफ्नो कार्यक्षेत्रभित्र पारेको छ । खास गरी प्राज्ञिक पुस्तक वा जर्नल प्रकाशन गर्दा निश्चित विषयमा स्रोत सामग्रीको उपलब्धताका साथै निश्चित विषय वा मुद्दामा प्राज्ञिक वहसलाई अगाडि बढाउन सहयोग पुगिरहेको हुन्छ । त्यसका साथै प्राज्ञिक पुस्तक वा जर्नलको सम्पादन वा प्रकाशनका क्रममा लेखक वा अनुसन्धानकर्तालाई गराइने लेखन तथा पुनर्लेखनको प्रक्रिया भनेको प्राज्ञिक जनशक्ति निर्माणका लागि एक किसिमको तालिम प्रक्रिया हो । यसमा सम्बन्धित व्यक्तिलाई प्राज्ञिक अनुसन्धानको अभ्यासमा चुर्लुम्म डुब्ने मौका प्राप्त हुन्छ । त्यस्तो अभ्यासमा पटक पटक सहभागी हुँदै जाँदा उसमा प्राज्ञिक अनुसन्धान र लेखनका लागि आत्मबल बढ्दै जान्छ र ऊ आफूलाई प्राज्ञका रूपमा उभ्याउन सफल हुन्छ । समाजमा यस्ता किसिमका अभ्यासहरू बढ्दै गएपछि प्राज्ञिक अनुसन्धानको धरातल पनि फराकिलो हुँदै जान्छ ।

प्राज्ञिक अनुसन्धानलाई अगाडि बढाउने वा सहयोग पुऱ्याउने उद्देश्यका साथ विभिन्न व्यक्ति वा सङ्घसंस्थाहरू क्रियाशील रहेका हुन्छन् । तिनको कार्यशैली फरक हुन सक्दछ । एउटाले अर्काका गल्ती, कमजोरी पहिल्याउन वा उसबाट सिक्न पनि सक्छ । तर त्यसका लागि तिनले आफ्नो कार्यशैली र अनुभवहरू आपसमा बाँड्नु आवश्यक हुन्छ । यो लेख पनि आफ्नो कामको प्रचार प्रसार गर्ने उद्देश्यले नभई आफ्नो कार्यशैली तथा कार्यप्रक्रियामाथि स्वस्थ आलोचना र फिडब्याकको अपेक्षा साथ लेखिएको हो । हाम्रो कार्यशैली र पद्धतिमाथि वस्तुनिष्ठ तवरले गरिएको जोसुकैको आलोचनालाई हामी स्वागत गर्दछौँ ।

यो अध्यायमा चौतारीले गर्ने प्रकाशनको प्रकृति र त्यसको उद्देश्य तथा उपादेयता, सामग्रीको गुणस्तर नियन्त्रणका लागि यसले अपनाएको सम्पादन र समीक्षाको प्रक्रिया तथा यस दौरानमा देखा परेका चुनौतीलाई प्रस्तुत गरिने छ । चौतारीले प्रकाशन गर्ने कुनै पनि विधाका पुस्तक तथा जर्नल उत्पादनको प्रक्रियामा तात्विक भिन्नता नभए पनि यहाँ भने यसका मिडिया प्रकाशनलाई उदाहरणका रूपमा अघि सारिने छ । मिडियाको प्राज्ञिक अनुसन्धानलाई अगाडि बढाउने वा सहयोग पुऱ्याउने उद्देश्यले चौतारीले के कस्तो सामग्री कुन प्रक्रियाद्वारा प्रकाशन गर्दै आएको छ भन्ने चर्चा गरिने छ । यस सिलसिलामा पुस्तक प्रकाशनको पाटोलाई

पहिलो खण्डमा चर्चा गरिएको छ । प्रकाशन गरिने मिडियाका पुस्तकको प्रकृति, त्यस्ता पुस्तक निकाल्दा नेपाली मिडियाको अनुसन्धानका लागि हामीले देखेको फाइदा र प्रकाशनको सिलसिलामा हामीले अपनाउने प्रक्रियाबारेको चर्चा यसमा रहेको छ । *मिडिया अध्ययन* जर्नलको प्रकाशनलाई दोस्रो खण्डमा प्रस्तुत गरिएको छ । यस खण्डमा मिडिया जर्नलको उद्देश्य र यसले नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानको संरचना निर्माणमा खेल्न सक्ने भूमिकाबारे चर्चा गरिएको छ । पुस्तक वा जर्नलको सम्पादनको क्रममा चौतारीले अपनाउँदै आएको विधि र प्रक्रियालाई केस स्टडीका रूपमा प्रस्तुत गरिएको छ ।

## पुस्तक प्रकाशनको पाटो

चौतारीमा मिडिया अनुसन्धान २०५७ सालदेखि, नेपाली मिडियामा दलित तथा जनजातिको प्रतिनिधित्वसम्बन्धी अध्ययन (वन्त र पराजुली २०५८) सँगै सुरु भएको हो । उक्त अध्ययनबाट निस्केको नतिजालाई पुस्तकको रूप दिइएको थियो । त्यसयता २०६४ साउन अन्तसम्ममा मिडियासम्बन्धी १८ ओटा र अन्य विधाका समेत गरी कुल ३३ ओटा पुस्तक चौतारीबाट प्रकाशन भइसकेका छन् ।[२]

खास गरी नेपाली मिडियाको अनुसन्धानका लागि उपयोगी विभिन्न किसिमका स्रोत सामग्रीको मात्रा बढाउने तथा आफ्नो पहलमा भएका अनुसन्धान कार्यलाई बाहिर ल्याउने उद्देश्यले चौतारीले पुस्तक प्रकाशन गर्न थालेको हो । यहाँबाट प्रकाशित एकथरी पुस्तकहरू नेपाली मिडियाका खास मुद्दा वा पक्षमा गरिएका अनुसन्धान र विश्लेषणमा आधारित छन् । अर्काथरी पुस्तकहरू नेपाली मिडिया अनुसन्धानका लागि उपयोगी देखिएका विभिन्न सामग्रीलाई एकत्रित गरी सन्दर्भ ग्रन्थ वा स्रोत सँगालोका रूपमा निकालिएका छन् ।

### *अनुसन्धानमूलक पुस्तक*

सङ्ख्यागत रूपमा हेर्ने हो भने मिडियाका १८ मध्ये आधाजसो पुस्तक अनुसन्धानमा आधारित छन् भने बाँकी नेपाली मिडियाका स्रोत सामग्री हुन् । अनुसन्धानमूलक

---

२ कुल ३३ पुस्तकमध्ये *नेपाली मिडियामा दलित तथा जनजाति* (वन्त र पराजुली २०५८), *छापामा जनजाति* (वन्त र अरू २०५८क) तथा *छापामा दलित* (वन्त र अरू २०५८ख) को सम्पूर्ण उत्पादन कार्य मार्टिन चौतारीले गरेको थियो भने प्रकाशन चाहिँ एकता बुक्सले गरेको हो । त्यस्तै, अर्को एउटा पुस्तक *स्थानीय रेडियोः सम्भावना र उपयोगिता* (वन्त र मैनाली २०५९) को उत्पादन नेपाल वातावरण पत्रकार समूहसँगको सहकार्यमा भएको थियो । सो पुस्तक नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारीले संयुक्त रूपमा प्रकाशन गरेका थिए ।

अधिकांश पुस्तक चौतारीको मिडिया अनुसन्धान समूहमा आबद्ध तथा सो समूह बाहिरका सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेका व्यक्तिहरूद्वारा अध्ययन तथा अनुभवमा आधारित भई निश्चित विषयमा लेखिएका लेखहरूलाई समावेश गरी निकालिएका छन् । *नेपाली मिडियामा दलित तथा जनजाति* (वन्त र पराजुली २०५८), *क्षेत्रीय मिडियाः विगत र वर्तमान* (वन्त २०५८), *स्थानीय रेडियोः सम्भावना र उपयोगिता* (वन्त र मैनाली २०५९) *मिडियाको अन्तर्वस्तु विविध विश्लेषण* (वन्त, पराजुली र पराजुली २०५९), *मिडियाको चिरफारः केही सामाजिक सन्दर्भ* (वन्त र पराजुली २०६०), *मिडिया उत्पादन र अन्तर्वस्तु* (पराजुली र वन्त २०६०), *रेडियो नेपालको सामाजिक इतिहास* (वन्त र अरू २०६१) तथा *रेडियो पत्रकारिताः एफएममा समाचार र संवाद* (वन्त र अरू २०६२) पुस्तकलाई यो श्रेणीमा राख्न सकिन्छ । यीबाहेक *सुदूरपश्चिममा पत्रकारिता* (ओझा २०६०), *मोरङमा पत्रकारिताको अर्धशताब्दी* (प्रधान २०६१) र *शाही शासनमा स्वतन्त्र रेडियोः दमन र प्रतिरोधको कथा* (ढुङ्गेल २०६४) पनि यस्तै पुस्तक हुन् । पछिल्ला तीन पुस्तकहरू चौतारी बाहिरका व्यक्तिहरूले तयार पारेका पाण्डुलिपि प्राप्त गरी प्रकाशन गरिएका हुन् ।[३]

नेपालमा मिडियाबारेको अध्ययन अनुसन्धान भर्खरै सुरु हुन थालेको छ । तसर्थ मिडियाका धेरै पक्ष र क्षेत्रहरू यस सिलसिलामा नयाँ नै छन् । उदाहरणका लागि काठमाडौँ बाहिर लामो समयदेखि पत्रकारिताको अभ्यास भइरहेको थियो । त्यसलाई पनि महत्त्व दिनुपर्छ र त्यहाँको सङ्गति, विसङ्गति र सफलता, असफलताको स्थिति पत्ता लगाउँदै कारणहरूको खोजी गर्नुपर्छ भन्ने उद्देश्यले क्षेत्रीय मिडियाबारे अनुसन्धान गरिएको थियो । यस निम्ति हामीले मिडियाको अभ्यास भइरहेका काठमाडौँ बाहिरका प्रमुख क्षेत्रहरू छनोट गरेका थियौँ । त्यहाँ भएको पत्रकारिता अभ्यासको ऐतिहासिक पाटो केलाउन लामो समयदेखि त्यहीँ कार्यरत पत्रकारलाई जिम्मा दिइएको थियो भने वर्तमानमा भइरहेको अभ्यासबारे खोतल्ने काम चौतारीका अनुसन्धानकर्ता स्वयंले गरेका थिए । यसरी काठमाडौँ बाहिरको मिडियाको इतिहास र वर्तमानलाई समेट्ने गरी भएको अनुसन्धानको उपजको रूपमा *क्षेत्रीय मिडियाः विगत र वर्तमान* (वन्त २०५८) प्रकाशन गरियो ।

त्यस्तै, आधा दशकभन्दा लामो प्रसारणको इतिहास बनाएको रेडियो नेपालबारे पनि नेपाली समाजमा खासै अनुसन्धान भइरहेको थिएन । यसको इतिहास, संस्थागत,

---

[३] पाण्डुलिपि कसरी प्राप्त गरिन्छ र के कस्तो प्रक्रियाद्वारा त्यसलाई प्रकाशन गरिन्छ भन्नेबारे छुट्टै उपशीर्षकमा थप चर्चा गरिएको छ ।

नीतिगत वा आर्थिक पाटो, यसले पस्किने कार्यक्रम र यसले निर्वाह गरेको र गर्न सक्ने सामाजिक दायित्व आदिबारेको वस्तुनिष्ठ लेखाजोखा त्यति हुन सकेको थिएन । यद्यपि रेडियो नेपालको जन्मोत्सवको अवसर पारेर लेखिएका फाट्टफुट्ट लेखहरू तथा त्यहाँ कार्यरत र सेवानिवृत्त व्यक्तिका संस्मरणहरू विभिन्न मिडियामा आउने गरेका हुन् । तर त्यस्ता सामग्री कि त त्यहाँ हुने राजनीतिक हस्तक्षेप तथा राजनीतिक पक्षपोषणको प्रसङ्ग कोट्ट्याएर गाली गलौज गरिएका, नत्र विशेष कार्यक्रम, सन्दर्भ तथा प्राविधिक पक्षबारेको जानकारीमा आधारित हुने गरेका छन् । यस स्थितिमा रेडियो नेपालले पाँच दशक अघिदेखि नेपाली समाजमा खेलेको भूमिकाको स्वतन्त्ररूपमा खोजी र विश्लेषण गर्नुपर्ने आवश्यकता महसुस गरेर यसबारेको अनुसन्धानलाई अगाडि बढाइएको थियो । उक्त अनुसन्धानको उपजको रूपमा *रेडियो नेपालको सामाजिक इतिहास* (वन्त र अरू २०६१) प्रकाशित छ ।

नेपाली मिडियाका विभिन्न पक्षहरूको ऐतिहासिक विकासक्रमको खोजी गर्नु र त्यससम्बन्धी आधारभूत जानकारीहरू दिनु मिडिया अनुसन्धानको काम भर्खरै सुरु भएको वर्तमान अवस्थामा यस दिशातर्फको पहिलो खुड्किलो हो । यस्तो जानकारीले अन्य धेरै पक्षबारे थप अनुसन्धान गर्नका लागि आधार निर्माण गर्दछ । माथि उल्लेख गरिएका दुई पुस्तकबाहेक ओझा (२०६०) तथा प्रधान (२०६१) पनि नेपाली मिडियाका निश्चित क्षेत्रहरूको विगतदेखि वर्तमानसम्मको विकासक्रमलाई केलाउने उद्देश्यले गरिएका अध्ययन हुन् । तसर्थ यिनमा मिडियाको खास पक्षबारे गहन रूपमा विश्लेषण गर्नेभन्दा पनि सम्बन्धित क्षेत्रको ऐतिहासिक पाटो तथा त्यसबारेको आधारभूत जानकारीलाई समग्र रूपमा समेटिएको छ । यसबाहेक, छापा तथा विद्युतीय मिडियामा प्रकाशित तथा प्रसारित विभिन्न विषयवस्तुका विश्लेषणले पनि चौतारीको प्रकाशनमा स्थान ओगटेका छन् । खास खास घटनाक्रम र मुद्दाहरूलाई मिडियाले के कस्तो स्थान दिएको छ भन्ने कुराको मूल्याङ्कनका लागि यस्ता खाले अनुसन्धान गर्ने चलन छ । यसप्रकारका विश्लेषणलाई वन्त, पराजुली र पराजुली (२०५९), वन्त र पराजुली (२०६०) तथा पराजुली र वन्त (२०६०) मा समेटिएको छ ।

### *मिडिया अनुसन्धानका स्रोत पुस्तक*

अनुसन्धानको क्षेत्रमा सम्बन्धित विषयका स्रोत पुस्तकको ठूलो महत्त्व हुन्छ । यसअन्तर्गत सन्दर्भ ग्रन्थ निकाल्नेदेखि शब्दावली तयार पार्ने र अन्यत्र प्रकाशन भइसकेका तर छरिएर रहेका कुनै एक विषयमा लेखिएका सामग्रीहरूको सँगालो (रिडर) प्रकाशन गर्नेसम्मको कार्य गर्न सकिन्छ ।

कुनै पनि विषयमा अनुसन्धान सुरु गर्दा अनुसन्धानकर्ताले सर्वप्रथम त्यस विषयबारे पहिले प्रकाशित वा अप्रकाशित सामग्रीहरूको खोजी र अध्ययन गर्नु आवश्यक छ । त्यही विषयमा अनेकन् पाटाबाट अध्ययन अनुसन्धान भइसकेको हुन सक्छ तथा विभिन्न व्यक्तिको विचार, संस्मरण आदि आइसकेको हुन सक्छ जसको अध्ययनले अनुसन्धानकर्तालाई प्रशस्त सहयोग पुऱ्याउँछ । तर प्रमुख चुनौती भनेको त्यस्ता सामग्रीहरूको खोजी नै हो । कस्ता सामग्री कहाँ प्रकाशित छन् वा अप्रकाशित रूपमा रहेका छन् भन्ने जानकारी नहुँदा थोरै सामग्रीको खोजीका लागि पनि धेरैतिर दौडधुप गर्नुपर्ने तथा धेरै पत्रपत्रिका, पुस्तक पल्टाउनु पर्ने हुन्छ । यसले अनुसन्धानको अधिकांश समय र मेहनत खाइदिन्छ । सम्बन्धित विषयको सन्दर्भ सूची वा ग्रन्थको प्रकाशनबाट अनुसन्धानकर्तालाई त्यस्ता सामग्रीबारे सहज रूपमा जानकारी प्राप्त हुन्छ । यसले अनुसन्धानकर्ताका लागि आवश्यक सामग्रीको खोजी गर्न लाग्ने समय, परिश्रम र लागतसमेत बचाइदिन्छ ।

कुनै विषयको अनुसन्धान गर्न खोज्दा हामीले पनि ती विषयमा लेखिएका र प्रकाशित भएका सामग्री पत्ता लगाउनमा नै धेरै समय र परिश्रम खेर फाल्नु पर्दथ्यो । नेपाली मिडियाका विभिन्न पाटोबारे प्रकाशित/अप्रकाशित सामग्रीको सूची उपलब्ध भइदिने हो भने आफूलाई चाहिएको सामग्री सीधै प्राप्त गरेर अनुसन्धान थाल्न जोसुकैलाई पनि सहज हुन्थ्यो भन्ने लागेपछि हामी नेपाली मिडियाको सन्दर्भ सूची तयार गर्नपट्टि लाग्यौँ । एक वर्ष लगाएर कुल ४ हजार १ सय ७२ ओटा इन्ट्रीसहितको *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (पराजुली र अरू २०६०) प्रकाशित हुन पुग्यो । मिडियासम्बन्धी ३० ओटा विषयहरूलाई छुट्टाछुट्टै शीर्षक दिएर राखिएको यो सन्दर्भ सूचीले २०४७ सालदेखि २०५९ सालसम्म विभिन्न पत्रपत्रिकामा लेखिएका लेखदेखि २०५९ सालसम्ममा भेटेसम्मका पुस्तक, स्मारिका, अप्रकाशित प्रतिवेदन, शोधपत्र आदिलाई समेटेको छ । खास विषय जस्तैः मिडिया र राजनीति, महिला, साहित्यिक पत्रकारिता आदिबारे अनुसन्धान गर्न खोज्ने व्यक्तिलाई यो पुस्तकको सम्बन्धित शीर्षकमा गएर हेर्ने हो भने कम्तीमा उक्त अवधिमा कहाँ, कसले, के लेखेको रहेछ भन्ने जानकारी प्राप्त हुन्छ । यस्ता सन्दर्भ सूची समय-समयमा अद्यावधिक गरिरहनु जरुरी हुन्छ ।

कुनै खास विषयमा विभिन्न स्थानमा प्रकाशित एकै वा विभिन्न व्यक्तिका उपयोगी सामग्रीलाई व्यवस्थित हिसाबले समेटेर निकालिने सँगालो (रिडर) ले पनि त्यस विषयका अनुसन्धातालाई निकै फाइदा पुऱ्याउँछ । सँगालोको प्रकाशन सन्दर्भ सूचीभन्दा पनि एक कदम अगाडिको काम हो किनकि यसमा त सो विषयको सामग्री नै खोजेर पस्किइन्छ । त्यसमाथि पनि, धेरैतिर प्रकाशित सामग्रीमध्ये विभिन्न चरणको छनोट प्रक्रिया पूरा गरेर उत्कृष्ट सामग्रीलाई मात्र

यसमा स्थान दिने गरिन्छ । साथै, सम्बन्धित विषयभित्रका पनि विभिन्न सवाल र मुद्दाका आधारमा सामग्रीलाई वर्गीकरण गरेर व्यवस्थित खण्डहरू बनाई प्रस्तुत गरिन्छ । यसबाट अनुसन्धान एउटै विषयभित्रका पनि खास मुद्दामा मात्र केन्द्रित हुने तथा अरू त्यति नै महत्त्वपूर्ण मुद्दा चाहिँ छुट्न जाने सम्भावना हुँदैन । कतिपय अवस्थामा विभिन्न खण्डहरूलाई सन्तुलित बनाउने हिसाबले समुचित सामग्रीको अभाव भएको खण्डका लागि नयाँ लेखहरू लेखाउने पनि गरिन्छ ।

चौतारीले यस्ता रिडरको पनि उत्पादन र प्रकाशन गर्दै आएको छ । उदाहरणका लागि यसले सुरुमा उत्पादन गरेका *छापामा जनजाति* (वन्त र अरू २०५८क) तथा *छापामा दलित* (वन्त र अरू २०५८ख) लाई लिन सकिन्छ जो नेपाली छापामा सीमान्तीकृत समुदायले पाएको स्थान तथा दलित र जनजातिका मुद्दाहरूमा केन्द्रित छन् । यिनमा सम्बन्धित समुदायका विविध मुद्दाहरूबारे प्रकाशित सामग्रीलाई व्यवस्थित हिसाबले वर्गीकरण गरेर प्रस्तुत गरिएको छ । जस्तैः *छापामा दलित* भन्ने पुस्तकमा दलित समुदायको जीवन र उत्पीडन; इतिहास, धर्म र परम्परा; अर्थतन्त्र र विकास, शिक्षा, दलित महिलाको अवस्था; साहित्यमा दलित, मिडिया र दलित, कानुन र दलित; सङ्गठन र राजनीति, दलित उत्थानका सैद्धान्तिक बाटाहरू, उत्थान प्रयासका नमूनाहरू शीर्षक खण्ड समावेश छन् । *छापामा जनजाति* भन्ने पुस्तकमा पनि तिनका विभिन्न मुद्दालाई यसैगरी वर्गीकरण गरेर राखिएको छ । दुवै रिडरका लागि दलित वा जनजातिसम्बन्धी सामग्री प्रकाशन हुने सबै सम्भावित स्थानहरूबाट तिनको सङ्कलन गरी सबैलाई सम्पादन समूहका सबैले मिलेर विभिन्न चरणमा अध्ययन गरी पुस्तकमा समावेश गरिने सामग्रीको छनोट गरिएको थियो । साथै कुनै कुनै मुद्दाबारे पूर्व प्रकाशित सामग्री नभएकाले नयाँ लेख्न लगाइएको थियो । समावेश नगरिएका सामग्रीहरूको विवरण पनि सन्दर्भ सूची बनाएर तिनै पुस्तकमा राखिएको छ ।

यी दुईबाहेक नेपाली मिडियासम्बन्धी स्रोत सँगालो (रिडर) का रूपमा *सम्पादकको कलम* (पराजुली २०६०) र *मास मिडिया इन पोस्ट नाइन्टिन नाइन्टी नेपाल* (वन्त सन् २००६) चौतारीबाट प्रकाशित छन् । दुईमध्ये *सम्पादकको कलम* चाहिँ लेखकले पोखराको *जनमत* साप्ताहिकमा लामो समयदेखि लेखेका सम्पादकीय आलेखहरूको सङ्ग्रह हो ।[४] पछिल्लो पुस्तक चाहिँ लेखकले निश्चित

[४] पराजुलीले सम्पादन गरेको सो पत्रिकामा पाँच वर्षसम्म प्रकाशित सम्पादकीयहरूमध्ये छानिएका अढाई सय सम्पादकीय आलेखलाई यसमा समेटिएको छ । खास गरी क्षेत्रीय स्तरमा निस्कने पत्रिकाले बोक्ने विचार, यसको प्रस्तुति, भाषा र शैलीको अध्ययनका लागि एक किसिमको स्रोत सामग्री तयार गर्ने उद्देश्य यो प्रकाशनको थियो ।

सन्दर्भहरूमा लेखेका लेख वा टिप्पणीहरूलाई छनोट गरी तयार पारिएको हो । यो पुस्तक तयार गर्दा लेखकले पूर्व प्रकाशित सामग्रीलाई समय सन्दर्भअनुसार केही मात्रामा पुनर्लेखन र परिमार्जनसमेत गरेका छन् ।

## *पाण्डुलिपिको प्राप्ति, सम्पादन र प्रकाशन*

नेपाली मिडियाका विभिन्न पक्षबारे अध्ययन अनुसन्धान गरिरहेका वा गर्न चाहने र मिडियामा लामो अभ्यास गरिसकेका व्यक्तिहरू समाजमा थुप्रै हुन सक्छन् । उनीहरूले गरेको अनुसन्धान वा तिनले पस्कने अनुभव टिप्पणी नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानमा महत्त्वपूर्ण आधार हुन सक्दछ । तसर्थ मार्टिन चौतारीले स्वयं गर्ने अनुसन्धानका अलावा त्यस्ता व्यक्तिहरूको कामलाई सघाउने तथा उनीहरूले तयार पारेका पाण्डुलिपिलाई परिमार्जन गर्ने काम पनि गर्दै आएको छ । कुनै व्यक्तिले गरिरहेको अनुसन्धान वा लेखनलाई प्रकाशन गर्न तथा त्यसअघि गर्नुपर्ने सम्पादन र पुनर्लेखन कार्यका लागि एउटा दरिलो संयन्त्र आवश्यक पर्दछ । कसैले प्रकाशनका लागि पाण्डुलिपि ल्याएपछि प्रायः प्रकाशकले पुनर्लेखन र सम्पादनको प्रक्रियाबिना नै छापिदिने चलन हामी कहाँ रहेको छ । तर, सम्पादकीय समूह वा आवश्यक पर्दा त्यसबाहिरका विज्ञ व्यक्तिसमेतले पाण्डुलिपिको गहन अध्ययन गरी आवश्यक सुझाव दिने र लेखकबाट त्यसअनुसार परिमार्जन तथा पुनर्लेखन गराउने प्रक्रिया अपनाउनाले मात्र अध्ययनको परम्परा बलियो बन्न पुग्छ । किनकि यसबाट अनुसन्धान तथा लेखनमा देखिएका कमी कमजोरी हटाउने र नपुगेका सन्दर्भ तथा क्षेत्रहरूलाई समावेश गर्ने अवसर लेखकलाई प्राप्त हुन्छ ।

चौतारीको उद्देश्य प्रकाशकका रूपमा विभिन्न व्यक्तिबाट पाण्डुलिपि प्राप्त गरेर प्रकाशन गर्ने नभए पनि अरूले गरिरहेको अनुसन्धानको प्रक्रियामा आफ्नो तर्फबाट योगदान दिई लेखकको कामलाई टुङ्गोमा पुऱ्याउन सघाउने मनसायले यसले यतातिर हात हालेको हो । यस सिलसिलामा चौतारीले २०६४ साउन अन्तसम्ममा जम्मा पाँच जनाले आफ्नै तर्फबाट गरेको मिडियासम्बन्धी लेखन वा अनुसन्धानलाई पुस्तकका रूपमा प्रकाशन गरेको छ । ती पुस्तक हुन्: *सुदूरपश्चिममा पत्रकारिता* (ओझा २०६०), *मोरङमा पत्रकारिताको अर्धशताब्दी* (प्रधान २०६१), *सम्पादकको कलम* (पराजुली २०६१), *काँचको पर्दा: नेपाली टेलिभिजनमा महिला* (गौतम २०६३) र *शाही शासनमा स्वतन्त्र रेडियो: दमन र प्रतिरोधको कथा* (ढुङ्गेल २०६४) ।

बाहिरको कस्तो व्यक्तिले लेखेको वा कुन विषयमा लेखिएको पाण्डुलिपिलाई प्रकाशनका लागि छनोट गर्ने भन्ने कुनै निश्चित नियम वा विधि तर्जुमा गरिएको छैन । साथै, पाण्डुलिपिका लागि प्रस्ताव आह्वान गर्ने तथा त्यस्तो प्रस्तावका

आधारमा लेखक वा विषयको प्रतिस्पर्धात्मक छनोट गरेर पाण्डुलिपि तयार पार्न लगाई प्रकाशन गर्ने जस्तो औपचारिक प्रक्रिया पनि अपनाइएको छैन । बरु चौतारीले आयोजना गर्ने कुनै पनि कार्यक्रम जस्तोः छलफल, पुस्तक विमोचन आदिमा उपस्थितहरूमाझ कुनै विषयमा अनुसन्धान अथवा लेखन भइरहेको छ भने प्रकाशनका लागि सम्पर्क राख्न सार्वजनिक रूपमा आग्रह गरिन्छ । यस क्रममा नेपाली मिडियाको कुनै पनि पक्ष, जसबारे खासै अध्ययन भएको छैन अथवा अध्ययन भए पनि प्रकाशित भएको छैन भने त्यो चौतारीको प्राथमिकतामा पर्ने गर्दछ । त्यस्ता विषयमा कसैले अध्ययन गरिरहेको जानकारी पाएपछि सो व्यक्तिसँग सम्पर्क गरी पाण्डुलिपि दिन आग्रह गरिन्छ । अर्कोतर्फ, कुनै व्यक्तिले खास मुद्दा वा सन्दर्भमा लेखेको र विभिन्न समय एवं स्थानमा प्रकाशन भइसकेको सामग्री नेपाली मिडियाको अनुसन्धानका लागि उपयोगी छ भन्ने लाग्यो भने त्यो चौतारीको प्राथमिकतामा पर्ने गर्दछ । त्यस्तो अवस्थामा पनि उक्त व्यक्तिसँग सम्पर्क गर्ने गरिन्छ ।

यसरी प्राप्त भएको पाण्डुलिपिलाई सर्वप्रथम चौतारीको मिडिया अनुसन्धान समूहका सदस्यहरूले अध्ययन गर्छन् । त्यसपछि प्रस्तुत विषयवस्तु उपयुक्त भए नभएको र सुधारसहित प्रकाशन गर्न सकिने नसकिनेबारे उनीहरूवीच छलफल हुन्छ । यदि केही परिमार्जन पश्चात प्रकाशनयोग्य छ भन्ने लागेमा समूहका सबै जनाको सुझावसहित लेखकसँग परिमार्जनका लागि थप छलफल गरिन्छ । आवश्यकता अनुसार परिमार्जन वा पुनर्लेखन गर्न लेखक तयार भएमा प्रक्रिया अगाडि बढ्छ ।

अनेक चरणको पुनर्लेखन तथा सम्पादनको प्रक्रियाबाट गुज्रिएपछि ती पाण्डुलिपि पुस्तकका रूपमा प्रकाशित हुन पुग्छन् ।[५] यस क्रममा लेखकको जाँगर र धैर्यको पनि उत्तिकै आवश्यकता पर्ने गर्दछ । हामीकहाँ प्राज्ञिक लेखनको अभ्यास त्यति नभइसकेको र सामग्रीको गुणस्तर कायम गराउन आवश्यक मात्रामा पुनर्लेखनको प्रक्रियामा लेखकलाई डोर्‍याउने चलन पनि प्रायः नभएकाले अधिकांश लेखकले परिमार्जनका क्रममा 'सम्पादकहरूले अनावश्यक दुःख दिएको' महसुस गर्न पुगेको अनुभव हामीले गरेका छौं । साथै, पुस्तकको अन्तिम प्रारूप तयार भएपछि भने सबैले सन्तुष्टि मानेको अनुभव पनि हामीसँग छ । यो कुरा पुस्तक प्रकाशनको सवालमा मात्र नभई लेख लेखाउने सन्दर्भमा पनि लागू हुने गर्दछ ।

---

५ लेखकबाट पहिलो ड्राफ्ट प्राप्त भइसकेपश्चात् पुनर्लेखन तथा सम्पादनका क्रममा हामीले अपनाउने प्रक्रियाबारे यसै अध्यायमा मिडिया अध्ययन जर्नल शीर्षकअन्तर्गत उल्लेख गरिएको छ ।

*सुदूरपश्चिममा पत्रकारिता* (ओझा २०६०) तथा *मोरङमा पत्रकारिताको अर्धशताब्दी* (प्रधान २०६१) पुस्तकहरू चौतारीले *क्षेत्रीय मिडियाः विगत र वर्तमान* पुस्तकमा प्रकाशित गरिसकेका 'सुदूर पश्चिमाञ्चलमा पत्रकारिता' (ओझा २०५८) तथा 'मोरङको पत्रकारिताको इतिहास' (प्रधान २०५८) लेखकै वृहत् तथा थप अनुसन्धानका परिणति हुन् । वस्तुतः *क्षेत्रीय मिडिया* पुस्तकका लागि ओझा र प्रधानसँग लेख लेख्न अनुरोध गर्दा दुवैले सम्बन्धित क्षेत्रबारे गहिरो अध्ययन गरेका थिए । त्यसलाई एकएकओटा लेखमा मात्र समेटेर नपुग्ने देखिएपछि छुट्टाछुट्टै पुस्तक पनि निकाल्नु उपयुक्त हुने ठानेर कुरा अगाडि बढाइएको थियो । क्षेत्रीय पत्रकारिताकै सन्दर्भलाई जोड्ने क्रममा पोखराबाट प्रकाशन हुने *जनमत* पत्रिकाका संस्थापक तथा सम्पादक केशवराज पराजुलीको पुस्तक *सम्पादकको कलम* (पराजुली २०६०) प्रकाशन हुन पुगेको थियो ।

पूर्व प्रकाशित लेखहरूलाई जस्ताको तस्तै पुस्तकका रूपमा छाप्न प्रायः उपयुक्त हुँदैन । निश्चित उद्देश्य वा सन्दर्भविशेषमा लेखिएका त्यस्ता लेखमा कतिपय पाटो नछोइएको हुन सक्दछ भने कतिपय सन्दर्भहरू दोहोरिएको तथा बाझिएको हुन सक्दछ । सन्दर्भविशेष वा अखबारी लेखनका क्रममा आवश्यक नपर्ने सन्दर्भ सामग्री तथा तिथिमितिहरू लामो समयसम्म प्रयोग गरिने पुस्तकको हकमा आवश्यक पर्ने गर्दछन् । तिनलाई समायोजित गर्ने काम पुनर्लेखनका क्रममा गराउन सकिन्छ । दीपा गौतम (२०६४) द्वारा लिखित *काँचको पर्दाः नेपाली टेलिभिजनमा महिला* प्रकाशन गर्ने क्रममा हामीले यस्तो गरेका थियौँ । नेपाली टेलिभिजनमा महिलाहरूलाई प्रस्तुत गरिँदा कस्तो किसिमको लैङ्गिक विभेद देखा परिरहेको छ भन्ने सन्दर्भमा गौतमले विभिन्न अखबारमा विभिन्न सन्दर्भमा लेखेका लेखहरूलाई चौतारीले पुस्तकको रूप दिएर प्रकाशन गरेको हो । यस क्रममा पूर्व प्रकाशित सामग्रीले समेट्न नसकेका केही पक्षबारे थप लेख्न लगाएर पुस्तकलाई सकेसम्म पूर्णता दिने कोसिस गरिएको थियो भने सबै लेखहरूमा सम्बन्धित घटना वा सन्दर्भको मिति तथा स्रोतहरू थप्न लगाइएको थियो ।

पुस्तक प्रकाशनका लागि विभिन्न व्यक्तिहरू चौतारीको सम्पर्कमा आएका थिए । खास गरी सुदूर पश्चिमाञ्चल र मोरङ जिल्लाको पत्रकारिताबारेका पुस्तक चौतारीले प्रकाशन गरेको देखेपछि कसैले झापा जिल्ला, कसैले दाङ जिल्ला त कसैले रुपन्देही जिल्लाको पत्रकारिताका बारेमा पुस्तक लेख्न चाहेको बताएका थिए । यसका अलावा अन्य विषयमा अनुसन्धान गर्न चाहने व्यक्तिहरू पनि बेलाबखत सम्पर्कमा आउने गरेका छन् । तीमध्ये कतिपयले अनुसन्धान गर्नका लागि समेत आर्थिक स्रोत जुटाइदिन आग्रह गरे भने कतिपयले प्रकाशन हुन्छ

भन्ने कुरामा पहिल्यै विश्वस्त हुन खोजे, जुन सम्भव थिएन । किनकि, प्रकाशनको सम्भावना देखिएका पाण्डुलिपि प्राप्त भएपछि मात्र अगाडि बढ्न सकिन्थ्यो । यो कुरा हामीले बताइदिएपछि उनीहरू फेरि सम्पर्कमा आएका छैनन् । कतिपय व्यक्तिले आफूले तयार पारेको पाण्डुलिपि बुझाए पनि समयको अभाव वा अन्य परिस्थितिलाई कारण देखाउँदै थप मेहनत र परिमार्जन गर्न असमर्थता देखाएपछि उनीहरूको पाण्डुलिपि प्रकाशन हुन सकेको छैन ।[६]

यसरी, मिडियासम्बन्धी प्राज्ञिक अनुसन्धानको परम्परा बसाउने तथा त्यसका लागि सहयोगी सामग्री तयार गर्ने सिलसिलामा विभिन्न किसिमका पुस्तकहरूको प्रकाशनलाई अगाडि बढाइएको छ । मिडियाको प्राज्ञिक अनुसन्धानमा यो प्रयास तथा प्रकाशन गरिएका पुस्तकहरू कुनै न कुनै हिसाबले सान्दर्भिक हुन सक्छन् भन्ने हाम्रो विश्वास हो ।

## मिडिया अध्ययन *जर्नलको प्रकाशन*

### *प्रकाशनको उद्देश्य*

मिडिया उद्योगको विस्तार जति र जसरी भएको छ, यसले खेल्ने भूमिका र यसका गतिविधिमाथि स्वतन्त्र रूपले छलफल, टीका टिप्पणी वा विश्लेषण त्यो मात्रामा हुने गरेको पाइँदैन । अखबार वा म्यागेजिनमा देखिने छोटा, त्यही पनि सीमित मात्राका टीका टिप्पणी यसको भूमिकालाई बुझ्न पर्याप्त छैनन् ।

नेपाली समाजमा मिडियाबारे अनुसन्धान गर्ने रुचि भने बढ्न थालेको पाइन्छ । विभिन्न व्यक्ति वा संस्थाबाट मिडिया अनुसन्धानका सङ्गठित, असङ्गठित प्रयासहरू भइरहेका छन् । त्यस्तै विश्वविद्यालयका विद्यार्थीहरूमा पनि नेपाली मिडियामाथि शोध लेख्ने चासो बढ्न थालेको छ । २०६३ सालको अन्तसम्ममा नेपालका विभिन्न विश्वविद्यालयअन्तर्गत विभिन्न सङ्कायका विद्यार्थीद्वारा गरिएका नेपाली मिडियासम्बन्धी २५० भन्दा बढी शोधहरूले यस कुराको पुष्टि गर्दछन् ।[७] तर त्यस्ता सामग्री प्रकाशित गर्ने चलन त्यति धेरै पाइँदैन जसले गर्दा ती उपलब्धिहरू अनुसन्धान गर्ने वा गराउने व्यक्ति वा संस्थाको घेराभन्दा बाहिर

---

६ उदाहरणका लागि ग्रामीण पत्रकारिताबारेको पाण्डुलिपि प्रकाशनका लागि हामीलाई प्राप्त भएको थियो । त्यसलाई सरसर्ती हेर्दा धेरै ठाउँमा पुनर्लेखनको आवश्यकता देखिएको थियो । यसबारे लेखकलाई जानकारी गराउँदा अनुसन्धान र पुनर्लेखनका लागि आफूसँग समय नभएको बताएपछि पुस्तक प्रकाशन हुन सकेन ।

७ नेपाली मिडियामा शोधपत्र लेखनको अभ्याससम्बन्धी विस्तृत जानकारीका लागि यसै पुस्तकको अध्याय १ हेर्नुहोस् ।

निस्कन सकेका छैनन् । फलस्वरूप न त अनुसन्धानको निष्कर्ष वा परिणाममाथि प्राज्ञिक वृत्तमा यथोचित टिप्पणी हुन पाइरहेको छ न त त्यस्ता अनुसन्धान अर्को अनुसन्धानका लागि आधार वा सन्दर्भ सामग्री नै बन्न सकिरहेका छन् ।

यस्ता सामग्री बाहिर नआउनुका मुख्य दुईओटा कारण हुन सक्छन् । एक, अनुसन्धान गर्ने वा गराउनेले बाहिर ल्याउन नचाहेर, दुई, प्रकाशन गर्नका लागि उचित स्थान र वातावरण नपाएर । नेपालमा आफूले चाहेको विषयमा गरिएको अनुसन्धान कार्य प्रकाशनका लागि उचित स्थानको अभाव छ। पुस्तक खास विषय र खास प्रयोजनमा केन्द्रित हुने हुनाले कुनै संस्थाले प्रकाशन गर्न लागेको पुस्तकमा धेरै लेखकलाई समेटिएको अवस्थामा पनि सबैले गर्न खोजेका सबै विषय अटाउँदैनन् । तसर्थ, प्राज्ञिक अनुसन्धानका लागि उचित डबली भनेको जर्नल नै हो । जर्नलको अर्को विशेषता के पनि हो भने त्यहाँ एक व्यक्तिले एक अङ्कमा उठाइसकेको विषय वा सन्दर्भमाथि सहमति वा असहमति राख्दै अन्य अङ्कहरूमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रबाट अरू प्राज्ञहरू बहसमा आउन सक्छन् । यस्तो वहसले व्यक्तिको ज्ञानको दायरा फराकिलो बनाउँछ। साथै, एउटाले गरेको गल्तीलाई सच्याउने मौका पनि प्रदान गर्दछ ।

नेपालमा प्राज्ञिक जर्नलको प्रकाशनले गति लिइसकेको छैन । सुरुआत भएका जर्नल पनि अधिकांश बीचमै अलप हुने गरेका छन् । अझ नेपाली भाषामा निस्कने प्राज्ञिक जर्नल त त्यति छँदै छैनन् । अङ्ग्रेजीमा लेखिएका अनुसन्धानात्मक सामग्री प्रकाशन गर्नका लागि बरु स्थानको त्यति ठूलो अभाव छैन । नेपालमा *कन्ट्रीव्युसन्स् टु नेपलिज् स्टडीज् (सिनास), नेपाली जर्नल अफ कन्टेम्पोररी स्टडिज् (एनसीसीएस), स्टडिज् इन नेपाली हिस्ट्री एण्ड सोसाइटी (सिन्हास)* आदि जर्नल निस्कने गरेका छन् ।[८] केही कलेज तथा त्रिभुवन विश्वविद्यालयका कतिपय विभागबाट सम्बन्धित विषयमा नियमित/अनियमित रूपमा जर्नल निकाल्ने गरिएको पनि पाइन्छ। उदाहरणका लागि त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र तथा मानवशास्त्र विभागबाट *अकेजनल पेपर्स इन सोसियोलजी एन्थ्रोपोलजी,* इतिहास विभागबाट *भ्वाइस अफ हिस्ट्री* आदि । यसरी निकालिने जर्नलहरू पनि प्रायः अङ्ग्रेजी भाषाकै हुने गर्दछन् । यसका अलावा अन्तर्राष्ट्रिय क्षेत्रबाट निस्कने जर्नलहरूमा प्रकाशन गर्न सकिने सम्भावना पनि अङ्ग्रेजीमा लेखिएका सामग्रीका निम्ति उत्तिकै छ । नेपालीमा लेखिने सामग्रीका लागि भने यस्ता अवसरहरू अत्यन्तै सीमित छन् । नेपाली भाषामा केही जर्नल

---

८ *सिनास* र *सिन्हास*ले नेपालीमा लेखिएका एक वा दुईओटा लेखलाई प्रत्येक अङ्कमा स्थान दिएका छन् ।

अवश्य निस्कन्छन् तर ती निश्चित विधामा केन्द्रित छन् । जस्तै नेपाल प्रज्ञा प्रतिष्ठानबाट नेपाली साहित्यसम्बन्धी *प्रज्ञा* तथा संस्कृतिसम्बन्धी *सयपत्री* जर्नल प्रकाशन हुने गर्दछ । इतिहास संशोधन मण्डलबाट *पूर्णिमा,* त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागबाट *वाङ्मय* कानुन किताव तथा व्यवस्था समितिबाट *कानुन* प्रकाशन हुने गर्दछ । यीबाहेक समाज विज्ञानका हरेक क्षेत्रलाई समेट्ने उद्देश्यले *बहा: जर्नल* र *रूपान्तरण: समाज अध्ययन* प्रकाशित छन् । यस्ता जर्नलले एकाधबाहेक धेरै सङ्ख्यामा मिडियासम्बन्धी लेखहरू प्रकाशन गर्ने क्षमता राख्दैनन् । तिनको प्राथमिकतामा पनि यो क्षेत्र त्यति परेको पाइँदैन । मिडियालाई नै लक्षित गरेर मिडिया मनिटर नेपालले *मिडिया मनिटर* नामक नेपाली र अङ्ग्रेजी भाषाको द्वैभाषिक जर्नल निकाल्न थालेको थियो तर त्यो पहिलो अङ्कभन्दा अगाडि बढेन । यस्तो अवस्थामा नेपाली समाजमा बढ्दो रुचिको विषय बनिरहेको मिडियालाई नै लक्षित गरेर नेपाली भाषामा जर्नल निकाल्नुपर्ने आवश्यकता थियो । *मिडिया अध्ययन* जर्नल निकाल्नुको मुख्य तात्पर्य पनि यही हो ।

### *लेखकको चयन*

लेख रचनाका लागि हामीले मिडियाका विभिन्न पक्षमा अनुसन्धान र वकालत गर्दै आएका व्यक्ति, विश्वविद्यालयमा मिडियाको कुनै पक्षबारे शोध गर्दै गरेका वा गरिसकेका शोधार्थी, मिडियामा काम गरिरहेका वा कार्यनिवृत्त पत्रकार, तथा आमसञ्चारका प्राध्यापकलाई छान्ने गरेका छौँ । त्यस्तै, मिडियासँग उठबस गरिरहेका वा यसलाई नजिकबाट नियालिरहेका लेखक, टिप्पणीकार वा स्तम्भकारसँग पनि हामी लेख लेखिदिन आग्रह गर्ने गर्दछौँ ।

जर्नलमा विषयगत तथा व्यक्तिगत हिसाबले समेत विविधता होओस् भन्नेमा हामी सजग हुने गर्दछौँ । आमसञ्चारका विभिन्न क्षेत्रहरू छापा, रेडियो, टेलिभिजन, चलचित्र, प्रकाशन उद्योग आदि समेटिउन् र तीभित्रका पनि विविध मुद्दाहरूले स्थान पाउन् भन्ने कुरामा हामी ख्याल राख्छौँ । त्यस्तै, लेखकहरू पनि विभिन्न वर्ग, क्षेत्र, जात, जाति र लिङ्गका होउन् भन्ने हाम्रो चाहना हुन्छ ।

लेख रचना प्राप्त गर्नका लागि व्यक्तिगत सम्पर्क, चौतारीको वेवसाइटमा सूचना प्रकाशन, चौतारीको छलफल कार्यक्रममा सूचना जारी गर्ने, विश्वविद्यालय तथा सार्वजनिक स्थानका भित्ते पाटीमा सूचना टाँस्ने जस्ता तरिका अपनाउने गरिएको छ । लेख रचना आह्वान गर्दा जर्नलको सम्पादकीय नीति पनि सँगै दिने गरिएको छ । यसमा लेखमा समेट्न सकिने विषय र लेखको लम्बाईदेखि स्रोत

कसरी प्रयोग गर्ने, सन्दर्भ सूचीको शैली कस्तो हुने आदिसम्मको जानकारी दिइएको हुन्छ ।[९]

व्यक्तिगत सम्पर्क बाहेकका अरू उपाय लेख रचना प्राप्त गर्न अहिलेसम्म त्यति प्रभावकारी देखिएनन् । दुई अङ्कसम्म जर्नल निकालिसक्दा लेख रचनाका लागि जम्मा ९४ जनासँग सम्पर्क भयो । तीमध्ये १० जनाले मात्र आफैँ अघि सरेर लेख रचना दिने प्रतिबद्धता जनाएका थिए । यद्यपि हालसम्म यीमध्ये यसबीचमा एक जनाको पनि लेख प्रकाशन भइसकेको छैन । बाँकी ८४ जनालाई भने हामी आफैँले सम्पर्क गरी लेख लेख्न अनुरोध गरेका थियौँ । सुरु-सुरुमा यस्तो हुनु स्वाभाविक पनि हो । एकातिर निकाल्न लागेको जर्नलबारे प्रचार-प्रसारको कमी भइरहेको हुन्छ भने अर्कातिर यो साँच्चिकै निस्कन्छ कि निस्कँदैन भन्नेमा लेखकहरू विश्वस्त हुन सकिरहेका हुँदैनन् । जर्नलमा लेखिने सामग्री गहन किसिमको नै हुनु पर्‍यो, जसका लागि बढी नै मेहनत पर्ने हुन्छ । तसर्थ केही वर्ष चलाएर समाजमा पर्याप्त प्रचार प्रसार नहोउन्जेल र निरन्तरताबारे विश्वस्त गराउन नसकुन्जेल सामान्यतः जर्नलको सम्पादक नै लेखकको ढोकासम्म धाउनुपर्ने परम्परा कायम रहने निश्चित छ ।

दुई अङ्कमा गरेर ३९ जनाको रचना यस जर्नलमा छापियो । सम्पर्कमा आएका बाँकी ५५ जनामध्ये २७ जनाले कम्तीमा पहिलो ड्राफ्ट बुझाएका थिए भने २८ जनाले प्रतिबद्धता जनाएर पनि केही लेखेनन् । जुन जुन व्यक्तिका रचना छापिए तीमध्ये थोरैका ड्राफ्ट मात्र पहिलो वा दोस्रो पटकको परिमार्जन पछि छापिनयोग्य भए । अधिकांशका रचना तेस्रो वा चौथो पटकको परिमार्जन पछि र कसै कसैका त छ-सात पटकको पुनर्लेखन तथा परिमार्जन पछि मात्र छापिनयोग्य भएका थिए ।

पहिलो ड्राफ्ट बुझाइएका तर अहिलेसम्म अप्रकाशित २७ रचनामध्ये आधाजसो तेस्रो अङ्कका लागि पुनर्लेखन तथा परिमार्जनको क्रममा छन् । बाँकी आधामध्ये तीन-चारओटा ड्राफ्ट सुधारयोग्य नै नदेखिएका कारण लेखकलाई त्यसबारे जानकारी दिएर पहिल्यै अस्वीकार गरियो । अनुसन्धानमूलक भनिए पनि ती ड्राफ्टमा सान्दर्भिक र नयाँ तथ्यहरू केही थिएनन् भने केही त आफ्नो उद्देश्यमा समेत अस्पष्ट थिए । अरू ड्राफ्ट चाहिँ सम्पादकले सुझाव दिइसकेपछि त्यसअनुसार सुधार गर्न लेखकले असमर्थता प्रकट गरेका कारण त्यसै थन्किए । असमर्थता

[९] सम्पादकीय नीति मिडिया अध्ययनको हरेक अङ्कमा 'लेखकलाई अनुरोध' शीर्षकमा छाप्ने गरिएको छ । सम्पादकीय नीतिको पूर्ण पाठका लागि अनुसूची ३ हेर्नुहोस् ।

प्रकट गर्नेमध्ये सबैको भनाइ सम्पादकको सुझाव अनुसार थप काम गर्न आफूसँग समय नभएको भन्ने थियो । यसका साथसाथै दुई जना लेखकले आफूले पहिलो ड्राफ्टमा लेखेको कुरा नै उपयुक्त र पर्याप्त छ, त्यसमा परिमार्जन गर्नु आवश्यक छैन भन्ने अडान राखेका थिए । अर्का एक जनाले चाहिँ एकचोटि परिमार्जन गरेर ल्याए पनि त्यो अझै पर्याप्त नभएको कारण पुनः परिमार्जन गर्नु पर्‍यो भनी सम्पादकले केही थप सुझावसहित आग्रह गर्दा उनले त्यसो गर्नु आवश्यक नभएको बताएका थिए ।

### *सम्पादनको प्रक्रिया*

निश्चित डेडलाइनमा लेखकबाट पहिलो ड्राफ्ट प्राप्त भएपछि सम्पादक समूहका सबै जनाद्वारा र आवश्यक पर्दा बाहिरका सम्बन्धित विषयका ज्ञाताबाट त्यसको अध्ययन र समीक्षा गर्ने गरिन्छ । अहिलेसम्म प्राप्तमध्ये थोरै लेखका ड्राफ्टमात्र बाहिरका व्यक्तिबाट समीक्षा भएका छन् । समीक्षाका लागि सबैले पढिसकेपछि सबैका सुझावलाई एकमुस्ट बनाइन्छ र एकअर्काका सुझावहरू नदोहोरिने र नबाझिने गरी अन्तिम रूप दिएपछि लेखकलाई लिखितरूपमा प्रेषित वा हस्तान्तरित गरिन्छ । आवश्यकता अनुसार लेखकलाई बोलाएर मौखिक रूपमा पनि सुझाव प्रस्ट पार्ने गरिएको छ । समीक्षाका क्रममा लेखको कन्टेन्टमा खासै कुनै तुक भेटिएन, त्यसमा नयाँ कुरा वा विषयवस्तु केही छैन भने त्यस्तो ड्राफ्ट सुरुमै अस्वीकार गर्ने गरिन्छ ।

हामीकहाँ सम्पादन भन्ने वित्तिकै प्रायः भाषा सम्पादनलाई बुझ्ने गरिन्छ । तर सम्पादन भनेको भाषा सरल र शुद्ध बनाउने तथा वाक्यगठन चुस्त र मिठासपूर्ण बनाउने काम मात्र होइन । यसमा लेखको संरचनागत पक्ष हेर्नेदेखि दोहोरिएका र अनावश्यक सन्दर्भहरू काट्ने, थप्नु वा उल्लेख गर्नुपर्ने सन्दर्भ वा विषयहरूतर्फ लेखकको ध्यानाकर्षण गराउने र थप्न लगाउने, लेखका खण्डहरूमा सन्तुलन कायम गराउने र तथ्यगत एकरूपता तथा वैधता जाँच गर्ने, आदि कामहरू पर्दछन् । सम्पादनका क्रममा हामीले अपनाउने र अपनाउँदै आएको प्रक्रिया पनि यही नै हो ।

लेखकले जुन तर्क लेखका माध्यमबाट स्थापित गर्न खोजेको हो, कतिपय लेखाटमा त्यो प्रस्टसँग आउन सकेको हुँदैन । यसो हुनुमा लेखको संरचनागत अस्पष्टताले काम गरेको हुन्छ । लेखको संरचना प्रस्ट हुन नसक्दा लेखकले दिन खोजेको सन्देश पाठकसम्म पुग्दैन र लेख बेकामे हुने गर्दछ । यसतर्फ पनि सम्पादनका क्रममा हामीले ध्यान दिने गरेका छौँ । लेखको संरचना र त्यहाँ गर्न

खोजिएको तर्कका सम्बन्धमा लेखकले परिचय खण्डमा नै प्रस्ट पार्नु पर्दछ जसले गर्दा पाठक त्यो लेख पढेर आफूले प्राप्त गर्ने जानकारीबारे सुरुमै प्रस्ट हुन सकोस् । यसले लेखकलाई पनि विषयवस्तुप्रति सुरुदेखि नै केन्द्रित हुन मद्दत गर्दछ । जर्नलका लागि लेखिएका लामा लेखहरूमध्ये अधिकांशमा संरचनागत अस्पष्टताको समस्या देखिने गरेको छ । लेखका खण्डहरू प्रस्ट रूपमा छुट्टिएका हुँदैनन् । कुन खण्डमा केबारे चर्चा गर्न खोजिएको हो र अनुसन्धानको प्रश्नका सन्दर्भमा त्यस खण्डको सान्दर्भिकता के कति छ भन्नेबारे कतिपय लेखक आफैं प्रस्ट हुन नसक्दा लेखलाई विभिन्न खण्डमा विभाजन गरिए पनि उस्तै खालका कुराहरू बारम्बार दोहोरिने, अनावश्यक सन्दर्भहरू पर्ने र एउटा खण्डमा चर्चा गरिनुपर्ने विषय अर्को खण्डमा पर्ने गरेको पाइन्छ । यस्ता समस्यामाथि सम्पादकहरूले ध्यान दिने गरेका हुन्छन् । कुनै सन्दर्भ दोहोर्‍याउनै पर्ने स्थितिमा बाहेक दोहोरिएकालाई हटाउने तथा अनावश्यक प्रसङ्गहरू काटेर लेखलाई छरितो बनाउने काम पनि सम्पादकको जिम्मेवारी भित्र पर्न आउँछ ।

संरचनामा देखिने गरेको अर्को समस्या लेखका खण्डहरूबीच सन्तुलन नहुनु पनि हो । कुनै खण्डमा चाहिने भन्दा अत्यधिक जानकारीहरू समेट्ने र कुनै खण्ड त्यहाँ उठाउनुपर्ने मूल विषयवस्तुमै प्रवेश नगरी सतही पाराले टुङ्ग्याइदिने जस्ता समस्या प्रशस्तै आइलाग्छन् । आफूले उठाएको प्रश्नमा सन्तुलित हिसाबले सबै पक्षलाई समेट्नेतर्फ लेखकले ध्यान दिनु पर्दछ । तर लेखकको व्यक्तिगत वा वर्गीय रुचि र स्वार्थका कारण पूर्वाग्रह राखेर अनुसन्धान गर्न वस्दा तथा कम रुचि भएको र व्यक्तिगत स्वार्थमा बाधा पर्ने खालको पक्षतर्फ अनुसन्धान गर्न वा लेख्न नखोज्दा यस्तो समस्या आउने गरेको पाइन्छ । कतिपय लेखमा लेखकले आफू संलग्न भएको पक्षलाई उच्च महत्त्व दिने तथा आफू असंलग्न पक्षबारे पर्याप्त खोजी नै नगरी सतही किसिमले प्रस्तुत गर्ने गरेको पनि पाइएको छ । हामीले यस्तो कमजोरी औंल्याइदिएर लेखकलाई आवश्यक थपघट गर्न लगाउने गरेका छौं ।

अर्कातर्फ, कतिपय लेख अनुसन्धानका क्रममा उठाइएको मूल प्रश्नतिर केन्द्रित हुनुको साटो त्यो प्रश्न नै छायाँमा पर्ने गरी अनावश्यक खालका खण्डहरूतर्फ बहकिने गरेको पाइन्छ, जसले गर्दा शीर्षक एउटा भए पनि लेखले दिने सन्देश अर्को हुन पुग्दछ । त्यस्तो अवस्थामा सम्पादकले लेखनलाई सही दिशातिर डोर्‍याउन लेखकलाई मद्दत गर्नुपर्ने हुन्छ; हामी यतातिर पनि ध्यान दिने गर्दछौं । कतिपय अवस्थामा लेखकले एउटा विषयमाथि लेख्दा आफूले जाने र सुने जति सबै कुराहरू त्यसैमा आउनु पर्छ भन्ने आग्रह राखेको देखिन्छ ।

कैयौँलाई छापा माध्यमको जुनसुकै मुद्दाबारे लेख्न बस्दा कम्तीमा पनि जङ्गबहादुरले बेलायतबाट फर्कंदा नेपालमा गिद्धे प्रेस भित्र्याएको प्रसङ्गसम्म नपुगी चित्तै बुझ्दैन भने रेडियो वा टिभीको कुनै पनि मुद्दा समाउन खोज्दा मार्कोनीले रेडियो तरङ्गको आविष्कार गरेको सन्दर्भ नझिकी उनीहरूको कलम नै अगाडि बढ्दैन । त्यहाँदेखि सम्बन्धित विषयवस्तुसम्म आइपुग्दा लेखक आफैँ थाकिसकेको हुन्छ; पाठकको धैर्य बाँकी रहने कुरै आएन । यस्तो नहोस् भनेर लेखलाई परिचयदेखि नै सम्बन्धित विषयमा केन्द्रित बनाउन सुझाव दिने गरिएको छ ।

ड्राफ्ट तयार गर्दा लेखकले भूलवश वा द्विविधावश एउटै तथ्यलाई विभिन्न ठाउँमा बाझिने हिसाबले प्रयोग गरिरहेका हुन्छन् भने अर्कातिर कहिले चाहिँ हचुवा, अपुष्ट र गलत तथ्यहरू प्रस्तुत गरिरहेका हुन्छन् । त्यस्ता कुरामा ध्यान दिइएन र त्यतिकै छापिन पुग्यो भने सिङ्गो अनुसन्धान कार्यको वैधतामाथि नै प्रश्न उठ्न पुग्छ । कतिपय अवस्थामा स्रोत वा सन्दर्भ उद्धृत नगरी तथ्य, तथ्याङ्क र अरूका भनाइ प्रस्तुत गरिएका हुन्छन् । यसो गर्नु भनेको अरूले पत्ता लगाएको वा गरिसकेको कामलाई आफ्नो बनाउनु तथा अरूको बौद्धिक सम्पत्तिमाथिको अधिकार खोस्नु हो । यस्ता कुराहरू प्रति धेरै लेखकहरू सचेत नभएको पाइन्छ । तसर्थ सम्पादनका क्रममा प्रयुक्त तथ्यको वैधता र एक रूपतामा ध्यान दिने गरिन्छ । यसका लागि त्यस्ता तथ्य प्रयोग गरिएको ठाउँमा आधिकारिक स्रोत प्रयोग गर्न तथा सन्दर्भ खुलाउन लगाउने गरिएको छ ।

कसैले अनुसन्धान गरेको विषय वा त्यसको सेरोफेरोमा पहिले नै अरूले पनि काम गरिसकेका हुन सक्छन् । त्यस्ता कुराको खोजी गर्नु र त्यहाँ पत्ता लागेका सान्दर्भिक तर्कहरूको उल्लेख गर्नु अनुसन्धानकर्ता वा लेखकको काम हो । पछि गरिने अनुसन्धानले पहिले भएको अनुसन्धानभन्दा नयाँ तर्क वा विचार प्रस्तुत गरेको छ कि छैन यो महत्त्वपूर्ण सवाल हो । यदि कुनै नयाँ कुरा छैन भने पछि गरिएको अनुसन्धानको औचित्य हुँदैन । तसर्थ, पहिलेको अनुसन्धान र त्यसमा उठाइएका सान्दर्भिक तर्कहरू के थिए र आफ्नो अनुसन्धानले के नयाँ कुरा समाजलाई दिँदै छ भन्ने प्रस्ट पार्न लेखकलाई हामी जोड दिने गर्दछौँ । धेरै लेखकले यसलाई सकारात्मक रूपमा लिए पनि कतिपय व्यक्तिहरूले सङ्कुचित मानसिकताका कारण यो कुरा सुन्न पनि नचाहेको हामीले पाएका छौँ । आफूले गरेको कामको सेरोफेरोमा पहिले कुनै काम भइसकेको छ भने त्योबारे जानकारी दिँदा वा सन्दर्भ स्रोत उल्लेख गर्दा पाठकलाई वा त्यस्तै विषयमा अनुसन्धान गर्न चाहने पछिल्ला पिँढीलाई थप सामग्रीबारे जानकारी हुन्छ र सहयोग पुग्न जान्छ । तर हाम्रो समाजमा व्यक्तिगत वा वर्गीय हिसाबले कुरा नमिल्ने वित्तिकै अरूले

गरेको कामलाई सकेसम्म जस नदिने प्रवृत्ति हाबी छ । हामीले पनि एकदुई जना त्यस्ता लेखक भेटचौँ जसले सोही विषयमा पहिले भइसकेको कामलाई उल्लेख गर्न आग्रह गर्दा ठाडै अस्वीकार गरिदिए ।

सम्पादनको कुरा गर्दा अर्को महत्त्वपूर्ण पाटो भाषा र पाण्डुलिपि सम्पादन पनि हो । भाषा र व्याकरणको उचित ज्ञान नहुँदा र गलत शब्दहरूको चयनका कारण लेखकले दिन खोजेको अर्थ अनर्थ रूपमा प्रकट भइदिन्छ । लेख प्राप्त गर्ने क्रममा हामीलाई सूचनाका हिसाबले पर्याप्त अनुसन्धानमूलक भए पनि भाषा र व्याकरणको दृष्टिकोणबाट हेर्दा लेखाइमा एकरुपता नभएको वा एकनासले नबगेको, गलत शब्दहरूको चयनका कारण भन्न खोजेको कुरा स्पष्ट नभएको आदि समस्याहरू प्रशस्त मात्रामा देखिने गरेका छन् । भाषा र व्याकरणसम्बन्धी यस्ता गल्तीहरू भाषा तथा पाण्डुलिपि सम्पादनको सहायताले हटाउने गरिएको छ ।[१०]

## ***अगाडिका चुनौती***

स्तरीय अनुसन्धान वा लेखनका लागि पहिलो प्रतिबद्धता अनुसन्धानकर्ता स्वयंको हुनु पर्दछ । हाम्रो अनुभवमा थोरै मात्र त्यस्ता लेखक भेटिन्छन्, जो आफ्नो अनुसन्धान तथा लेखनलाई स्तरीय बनाउनका लागि पर्याप्त मेहनत गर्न तयार हुन्छन् । कि आफूले लेखेको पहिलो ड्राफ्ट नै छापियोस् होइन भने सम्पादकले नै आवश्यक काम गरेर छापिदिउन् भन्नेसम्मका आग्रह पाल्ने लेखकहरू नै हामीकहाँ धेरै छन् । लेखकले आफ्नो काममा धेरै मेहनत गर्ने परम्परा नभएकाले प्रायः सम्पादकले लखेटेका भरमा मात्र स्तरीय लेख प्राप्त हुने गरेको छ । यसले गर्दा सम्पादकको मेहनत र समय ज्यादै बढी खर्च हुने गर्दछ । यसरी अरूले लेखेको लेखमाथि आफैँले प्रशस्त मेहनत गरी सुधार गरिदिनुपर्ने वा सोही कुरा एउटै लेखकलाई पटक पटक सम्झाउनुपर्ने भएपछि जर्नल प्रकाशकका लागि सम्पादक बनिदिने 'गोठालो' खोज्न उत्तिकै गाह्रो हुने गर्दछ ।

प्राज्ञिक लेखनमा अनुभवी र दक्ष व्यक्तिलाई जर्नलमा लेखाउन सहज छैन । यस्तो लेखनमा अलिकति सीप भएका वा नाम चलेका प्रायः व्यक्तिहरू कि विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा परामर्शदाता भएर काम

---

[१०] मार्टिन चौतारीका पुस्तक जर्नललगायत पहिले पहिलेका प्रकाशनहरूमा पाण्डुलिपि सम्पादनको काम पनि चौतारीभित्रकै सम्पादक समूहबाट गराउने गरिएको थियो । भाषाको सम्पादन पक्ष कमजोर रहेको भन्ने पाठकहरूबाट सुझाव प्राप्त भएअनुरुप पछिल्ला प्रकाशनहरूमा भाषाशिल्पी शरच्चन्द्र वस्तीबाट मिडियासम्बन्धी प्रकाशनहरूको पाण्डुलिपि सम्पादन गराउने गरिएको छ । *मिडिया अध्ययन* जर्नलको दोस्रो अङ्कलगायत ढुङ्गेल (२०६४) र यो पुस्तकको पाण्डुलिपि सम्पादन वस्तीले नै गरेका हुन् ।

गर्नेतिर लाग्छन् अथवा बढी आय आर्जन गर्न सकिने अन्य कामतर्फ आकर्षित हुन्छन् । उनीहरू जर्नलका लागि लेख्ने समय निकाल्न सक्दैनन्, किनकि एकातिर यसमा मेहनत बढी गर्नुपर्ने हुन्छ, अर्कातिर त्यसअनुसारको आर्थिक लाभ पनि हुँदैन । तसर्थ यो कामका लागि हामीकहाँ उपलब्ध जनशक्ति भनेका विभिन्न मिडियामा कार्यरत पत्रकार नै हुन् । उनीहरू पनि दैनिक रिपोर्टिङमा लाग्ने हुँदा लामो लेखनका लागि समय निकाल्न सक्दैनन् । सान्दर्भिक पुस्तक वा सहयोगी सामग्रीहरू अध्ययन गर्ने र आवश्यक अनुसन्धान गर्ने समय उनीहरूसँग नहुँदा अनुसन्धानमूलक भन्दा पनि टिप्पणीमूलक तथा अखबार वा म्यागेजिनमै प्रकाशन हुने स्तरको लेख मात्र प्राप्त हुन्छ ।

प्राज्ञिक अनुसन्धान तथा लेखनका लागि दक्ष जनशक्तिको सङ्ख्या त्यसै पनि ज्यादै न्यून छ । हामीकहाँ त्यस्तो विशेष संरचनाको निर्माण हुन सकेको छैन, जसबाट गर्दा आवश्यक मात्रामा हरेक वर्ष यस्तो जनशक्तिको पूर्ति हुन सकोस् । यस कार्यमा योगदान गर्न सक्ने सवभन्दा महत्त्वपूर्ण स्थान विश्वविद्यालय हो । नेपालमा सरकारी विश्वविद्यालय– त्रिभुवन विश्वविद्यालयको अवस्था हेर्ने हो भने गुणस्तरयुक्त प्राज्ञिक जनशक्ति निर्माण गर्नेभन्दा परीक्षामुखी अर्थात् जाँचमा पास गराउने हिसाबको अध्यापन प्रणाली विद्यमान छ । त्यसमा सुधारको सङ्केत अझै देखिइसकेको छैन । निजी विश्वविद्यालयहरू गुणस्तरप्रति केही सचेत देखिए पनि प्राज्ञिक पुस्ता तयार गर्ने सन्दर्भमा भर्खरै बामे सर्दै गरेको स्थितिमा छन् ।[११] त्यहाँबाट पनि गुणस्तरीय जनशक्ति निस्कन थालिसकेको छैन ।[१२]

पछिल्लो पाँच वर्षमा नेपालका विभिन्न विश्वविद्यालयका विभिन्न सङ्कायमा बुझाइएका मिडियासम्बन्धी शोधपत्रको सङ्ख्या डेढसयको हाराहारीमा छ (हेर्नुहोस् अध्याय १) । यसको अर्थ हरेक वर्ष तीसओटा जति मिडियासम्बन्धी शोधपत्र लेखिने गरेका छन् । तर ती शोधका आधारमा एकाधबाहेक न कुनै पुस्तक प्रकाशन भएको देख्न पाइन्छ, न त जर्नलमा लेखहरू नै त्यति निस्किएका छन् । आफ्नो प्राज्ञिक वृत्ति विकासका लागि पनि शोधलाई जर्नल लेखका रूपमा प्रकाशन गर्ने इच्छा वा जाँगर शोधार्थीमा नहुनु विडम्बना मान्नुपर्छ । यसो हुनुमा त्यस्ता सामग्री प्रकाशन गर्ने स्थानको अभाव एउटा कारण त हुन सक्ला तर

[११] प्राज्ञिक क्षेत्रमा नयाँ पुस्ता तयार गर्ने सवालमा नेपाली विश्वविद्यालयको विद्यमान वातावरण तथा प्राज्ञिक गैससले खेल्न सक्ने र खेलिरहेको भूमिकाबारे केही विस्तारमा जान्न वन्त (२०६२) हेर्नुहोस् ।

[१२] यस अनुच्छेदमा व्यक्त भनाई ती विश्वविद्यालयहरूबाट शोधपत्र लेख्ने विद्यार्थीको कामको अवस्था र उनीहरूले बाहिर आएर गर्ने गरेको गुनासोमा आधारित छ ।

त्योभन्दा मुख्य कुरा चाहिँ हतारमा र औपचारिकता पु¥याउने हिसाबले गरिएको आफ्नो शोधको गुणस्तरमाथि स्वयं शोधार्थीहरू नै विश्वस्त हुन नसक्नु नै देखिन्छ । हामीले पनि कतिपय शोधार्थीहरूलाई उनीहरूको शोधका आधारमा लेख लेख्न आग्रह गर्दा वा उनीहरूको शोधपत्रबाट जर्नलका लागि लेख निकाल्न खोज्दा 'त्यो हतारमा गरिएको अनुसन्धान हो, त्यसैले त्यति राम्रो छैन । थप काम गर्नु पर्छ, फुर्सद नै भएन' भन्ने खालका जवाफ पाउने गरेका छौँ । यद्यपि दुई अङ्कमा दुईओटा लेखहरू (सिग्देल २०६३ र पाठक २०६४) शोधपत्रमा आधारित थिए ।[१३]

जर्नल वा त्यसमा प्रकाशित खँदिला सामग्री पढ्ने बानी नेपालीमा त्यति छैन । यसले गर्दा लेखकलाई पाठकका तर्फबाट आलोचनात्मक तथा खँदिलो फिडब्याक वा हौसला प्राप्त हुँदैन । मिडियामा पनि प्राज्ञिक पुस्तक वा जर्नलको समीक्षा त्यति हुने गर्दैन, भए पनि राम्रोसँग अध्ययन नै नगरी झारा टार्ने खालले प्रायः पुस्तक परिचयका रूपमा लेखिने गरेको पाइन्छ । दुई अङ्कको प्रकाशनका क्रममा हामीलाई निकै थोरै मात्र फिडब्याक प्राप्त भएका छन् । आधा दर्जनभन्दा बढी पत्रपत्रिकामा जर्नलबारे छापिएको भए पनि एउटा मात्र समीक्षाको रूपमा आएको छ । जर्नलको पहिलो अङ्कका बारेमा *हिमाल खबरपत्रिका*मा लेखिएको उक्त समीक्षा (पेशल २०६३) मा यसको सबल र दुर्बल पक्षको चिरफार गरिएको छ । अन्य चाहिँ पुस्तकको सामान्य परिचयका रूपमा छापिएका छन् । तिनमा कहीँ व्यक्तिगत र संस्थागत प्रचारबाजी छापियो भन्ने खालको आलोचना देखियो भने कहीँबाट जर्नल भनेपछि अनुसन्धानमूलक लेख मात्र हुनुपर्छ, व्यक्तिगत संस्मरण किन राखियो भन्ने खालका प्रश्न आए । कसै कसैले भाषा सम्पादनमा ध्यान दिनु पर्‍यो भनेका छन् । सतही रूपमा 'एकदम राम्रो प्रयास' भन्ने खालका, औपचारिकता पूरा गर्ने खालका प्रतिक्रिया मात्र बढी प्राप्त हुने गरेका छन् । जर्नलमा प्रकाशित विषयवस्तुमा प्रवेश गरेर त्यसमाथि नै गहन खालको टीका टिप्पणी वा समीक्षा भएको भने देख्न पाइएको छैन । यस्तो अवस्थामा लेखक, सम्पादक वा प्रकाशकले आफ्ना कमी कमजोरी पहिल्याएर सफलतापूर्वक अगाडि बढ्ने बाटो समात्न सक्दैनन् ।

---

[१३] यसमा पनि कमलराज सिग्देल (२०६३) को लेख मार्टिन चौतारीको मिडिया फेलोसिप कार्यक्रमअन्तर्गत प्राप्त भएको थियो । मार्टिन चौतारीले विश्वविद्यालयमा नेपाली मिडियासम्बन्धी शोधपत्र लेख्न चाहनेलाई शोधपत्र लेखनका लागि आर्थिक सहयोगस्वरूप सन् २००६ मा पाँच जना र २००७ मा चार जनालाई फेलोसिप प्रदान गरेको थियो । सोही शोधपत्रको विषयवस्तुमा आधारित रही नेपालीमा एउटा लेख बुझाउनु पर्ने प्रावधान राखिएको छ । कमलराज सिग्देलबाहेक अरूका लेखहरू प्रकाशनको चरणमा नै छन् ।

जर्नल प्रकाशन गर्ने सन्दर्भमा आइपर्ने अर्को चुनौती आर्थिक लगानी नै हो । जर्नल प्रकाशन गर्न ठुलै आर्थिक लगानीको आवश्यकता पर्दछ । लेखकलाई दिइने साधारण पारिश्रमिक र छपाइ खर्चमात्र हिसाब गर्दा पनि ३०० पृष्ठको जर्नल एक अङ्क निकाल्न कम्तीमा पनि तीनलाख रुपियाँ जति लाग्ने गरेको हाम्रो अनुभव छ । विक्रीबाट चाहिँ छपाइ खर्च मात्र पनि उठ्न गाह्रो छ । बाहिरबाट हुने लगानीबिना यस्ता जर्नललाई निरन्तरता दिन कठिन छ । त्यसैले हामीकहाँ प्रायः अन्यत्रबाट आर्थिक स्रोत खोजेर जर्नलको प्रकाशन गर्ने चलन छ; चाहे त्यो दातृ निकायबाट सहयोग लिएर होस् वा संस्थाका अरू क्रियाकलापबाट बचाइएको रकम लगानी गरेर । निजी क्षेत्रका नाफामुखी प्रकाशकले यसमा चासो राख्दैनन् । कसै कसैले जर्नल प्रकाशन गरेको देखिए पनि अरूले उत्पादन गरिदिएको सामग्री छपाइ खर्च मात्र व्यहोर्ने र विक्रीबाट त्यो उठाउने हिसाबले निकाल्ने गरेको पाइएको छ । उदाहरणका लागि काठमाडौंस्थित मण्डला बुक प्वाइन्टले प्रकाशन गर्ने *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* नामक द्वैभाषिक जर्नललाई लिन सकिन्छ । यो जर्नलको सम्पूर्ण सामग्रीको उत्पादन कार्य स्वयंसेवी रूपमा भइरहेको छ । लेखकले बिना पारिश्रमिक लेख्ने गरेका छन् । प्रत्यूष वन्त, मार्क लिक्टी, सेरा तामाङ र तात्सुरो फुजीकुरा सहितको सम्पादक समूहले सम्पादनलगायतका आवश्यक तयारी स्वयंसेवी हिसाबले गरिदिए पछि प्रकाशकले छपाई खर्चमात्र बेहोरेर यो जर्नल निकाल्ने गरेको छ ।[१४]

त्यस्तो अवस्थामा लेखक वा सम्पादकले प्रायः आफ्नो प्राज्ञिक वृत्ति विकास (एकेडेमिक करियर) का लागि स्वयंसेवी रूपमा काम गरिरहेका हुन्छन् । किनकि यस्ता प्राज्ञिक प्रकाशनहरूका आधारमा प्राज्ञिक क्षेत्रमा थुप्रै लाभहरू प्राप्त गर्ने सम्भावना हुन्छ । यसैकारण लेखकदेखि सम्पादकसम्मले जर्नलका लागि बिना पारिश्रमिक नै पनि काम गर्ने चलन विभिन्न मुलुकहरूमा व्यापक रूपमा छ । दुई अङ्कका लागि दातृसंस्थाबाट सहयोग जुटाएर सुरु गरिएको *मिडिया अध्ययन* जर्नललाई आर्थिक हिसाबले अब कसरी अगाडि बढाउने भन्ने सवालमा सोच्नु पर्ने भइसकेको छ । दातालाई फेरि गुहार्न जाने वा सम्पादक र लेखकलाई स्वयंसेवी रूपमा काम गराउने र कुनै निजी प्रकाशकलाई छपाई खर्च व्यहोर्न लगाएर प्रकाशन गराउने यिनै सीमित विकल्पहरू मात्र हाम्रा सामु छन् ।

---

[१४] मण्डला बुक प्वाइन्टले लेखकलाई जर्नल र लेखको केही प्रति अफप्रिन्ट तथा सम्पादकहरूलाई केही प्रति जर्नल भने दिने गरेको छ ।

## निष्कर्ष

नेपाली मिडियाको विस्तारसँगै यसबारे समाजमा रुचि बढ्दै गएको अवस्थामा यसमाथि प्रशस्त मात्रामा प्राज्ञिक बहसहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ। त्यसका लागि साझा चौतारीको निर्माण हुनु जरुरी छ। अझ नेपाली भाषामा मात्र पहुँच हुनेका लागि आफ्नो अनुसन्धान कार्य प्रकाशन गर्ने अवसर नेपाली समाजमा थोरै मात्र छ। तसर्थ नेपाली मिडियाबारे सामाजिक अनुसन्धानको धरातल फराकिलो बनाउन जोसुकैको पहलमा होस् मिडियासम्बन्धी पुस्तक तथा जर्नलहरू प्रकाशन हुनु पर्दछ र तिनले निरन्तरता पाउनु पर्दछ।

हाम्रो जस्तो प्राज्ञिक अनुसन्धानको आधारभूत संरचना कमजोर भएको ठाउँमा अनुसन्धानमूलक पुस्तक वा जर्नलको प्रकाशन गर्नु र त्यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण काम हो। प्राज्ञिक अनुसन्धानका लागि जनशक्ति तयार गर्ने सवालमा विश्वविद्यालयको संरचनाभित्र र त्यसबाहिर विभिन्न पहल भइरहे पनि ती त्यति पर्याप्त र प्रभावकारी हुन सकिरहेका छैनन्। यस्तो अवस्थामा विश्वविद्यालयका शोधार्थी र त्यस बाहिरका अनुसन्धानकर्ताहरूबाट एकैचोटि उच्च गुणस्तरको लेखनको आशा गर्न सकिँदैन। पर्याप्त अभ्यासविना, विश्वविद्यालयमा दिइने सैद्धान्तिक ज्ञानका आधारमा मात्र त्यो सम्भव पनि छैन। हाम्रो अहिलेको सामाजिक अवस्थामा जर्नलको प्रकाशन गर्नु भनेको प्राज्ञिक अनुसन्धानमा लाग्न चाहनेका लागि त्यसको अभ्यास गर्ने वातावरण निर्माण गर्नु पनि हो। निरन्तर र पटक पटकको लेखन, पुनर्लेखन तथा सम्पादनको प्रक्रिया वा अभ्यासद्वारा स्तरीय लेख प्राप्त गर्नुबाहेक अरू विकल्प हामीसँग उपलब्ध छैन। यस्तो प्रक्रियाद्वारा प्राज्ञिक जनशक्ति तयार गर्दै जाने र विभिन्न सामाजिक मुद्दाहरूमा प्राज्ञिक बहस अगाडि बढाउँदै लैजाने बाटो पुस्तक वा जर्नलको प्रकाशनले मात्र खोल्न सक्छ।

प्राज्ञिक अनुसन्धानको पूर्वाधार निर्माणमा त्यस्ता संरचना र यस्ता अनुसन्धानमूखी प्रकाशनको विकास धेरै महत्त्वपूर्ण पक्ष हो। यसमा लेखकले अनुसन्धानको व्यावहारिक अभ्यासमा प्रत्यक्ष सामेल हुने र अनेक चरणको सिकाइ प्रक्रियाद्वारा गुज्रिने मौका पाउँछ। प्राज्ञिक जनशक्तिको निर्माणमा यसको प्रभावकारी भूमिका हुन्छ। साथै, यस प्रक्रियासँगै सम्बन्धित विषयमा स्रोत सामग्रीको उपलब्धता पनि बढ्दै जान्छ, जसले भावी अनुसन्धानका लागि आधार निर्माण गरिरहेको हुन्छ। मार्टिन चौतारीले पुस्तक वा जर्नल प्रकाशनका क्रममा गर्दै आएका विभिन्न तहका अभ्यास पनि नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानको पूर्वाधार निर्माणतर्फ लक्षित छन्।